मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्याः २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं:
Dispatch No.: 602

मितिः २०८२।०९।२२

विषयः सूचना प्रचार प्रसार गरि दिने सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै,
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
श्री स्वास्थ्य संस्थाहरु सबै,
मकालु गाउँपालिका, संखुवासभा।

प्रस्तुत विषयमा हेल्पिङ हेन्ड्स हेल्थ एजुकेशन, मनकामना हस्पिटल तुम्लिङ्टारको विशेष प्राविधिक सहयोग र मकालु गाउँपालिकाको आयोजनामा साथै डा. श्रीजन कटुवालको नेतृत्वमा अमेरिकन डाक्टरहरुको टोलीले निम्न मिति, स्थान र समयमा देहाय बमोजिमको सेवा सहित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने व्यहोरा अवगत नै छ। उक्त सेवा लिनको लागि तहाँ वडा कार्यालय मातहतका सबै नागरिकहरु, विद्यालयमा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरु लगायत अभिभावकहरुलाई र स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राही लगायत आफ्नो कार्यक्षेत्रका सम्पुर्ण नागरिकहरुलाई स्वास्थ्य शिविरमा उपलब्ध हुने सेवाको बारेमा व्यापक प्रचार प्रसार गरि शिविरमा सेवा लिन र शिविरलाई सफल बनाउन आवश्यक सहयोग, समन्वय र सहजीकरणको लागि अनुरोध छ।

**तपसिलः**

**१. शिविर सञ्चालन हुने मितिः २०८२ माघ ५ र ६ गते सोमबार र मंगलबार।**
**२. स्थानः नुम प्राथमिक स्वास्थ्य केन्द्र, मकालु गाउँपालिका वडा नं. ५, नुम, संखुवासभा।**
**३. समयः विहान ९ बजे देखि ४ बजे सम्म।**

**स्वास्थ्य शिविरमा प्रदान गरिने सेवाहरुः**

- ✓ जेनेरल फिजिसियन ( हाडजोर्नी, नाक, कान, घाँटी ) सेवा।
- ✓ बाल रोग विशेषज्ञ सेवा।
- ✓ मुटुरोग सम्बन्धी विशेष सेवा तथा परामर्श।
- ✓ महिला तथा स्त्री रोग विशेषज्ञ सेवा।
- ✓ दन्त रोग सम्बन्धी परीक्षण (डेन्टल) सेवा।
- ✓ आँखा परीक्षण सेवा।
- ✓ ई.सि.जी सेवा।
- ✓ निःशुल्क औषधी वितरण।
- ✓ निःशुल्क चस्मा वितरण (Reading Glass)।
- ✓ पाठेघरको मुखको क्यान्सरको परीक्षण, आङ खस्ने समस्याको पहिचान र आङ खसेको समस्या भएको विरामीलाई निःशुल्क शल्यक्रिया सम्बन्धी परामर्श तथा सेवा।

**थप जानकारीको लागि सम्पर्क नं. ९८५२०९९७९९, ९८४३१२१४२५, ९८४३८१४६३०**

.................................
ओङदी छिरिङ शेर्पा
अध्यक्ष

**बोधार्थः**

श्री शिक्षा शाखा, मकालु गाउँपालिकाः ( आवश्यक सहजीकरण र समन्वयको लागि )